सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संवैधानिक संरचना र व्यवस्थापन
अवधारणामूलक सुझाव

*संविधानसभा समितिहरूको उपयोगको लागि*

लामो समयदेखिको केन्द्रीकृत एकात्मक राज्यव्यवस्थाले ल्याएको राजनीतिक, आर्थिक र सामाजिक विभेदलाई रूपान्तरण गर्दै पुन:संरचना सहितको नयाँ संविधान निर्माण गर्नका लागि संविधानसभाका समितिहरू सक्रिय भइरहेको सन्दर्भमा राष्ट्रिय शान्ति अभियानले केही विषयगत समितिहरूका कार्यमा सहयोग पुगोस् भनी राज्य पुन:संरचना तथा सङ्घीयताका सवालमा समितिहरूमाफ केही अध्ययन-अनुसन्धानमूलक सन्दर्भ सामाग्रीहरूको प्रस्तुति तथा अन्तर्क्रियात्मक कार्यक्रमहरूको आयोजना गरिसकेको छ ।

राज्य पुन:संरचना तथा सङ्घीयतासम्बन्धी विगतका कार्यक्रमहरूमा भएका अन्तर्क्रिया तथा सामूहिक छलफलहरूलाई ध्यानमा राखी संविधान निर्माणमा विषयगत सहयोग पुगोस् भनेर राष्ट्रिय शान्ति अभियानको पहलमा विज्ञहरूले नेपालका सन्दर्भमा सङ्घीयताको संवैधानिक संरचना तथा यसको व्यवस्थापनसम्बन्धी केही विषयहरूलाई यो पुस्तकमा सङ्क्षेपमा प्रस्तुत गर्नुभएको छ ।

केही वर्षदेखि सङ्घीयताका विभिन्न आयाम र विषयमाथि अध्ययन-अनुसन्धान गरिरहेका विज्ञहरू प्राध्यापक कृष्ण खनाल, बालकृष्ण माबुहाङ, डा. शंकर शर्मा, श्रीकृष्ण अनिरुद्ध गौतम, सुनील पोखरेल र सुरेन्द्रकुमार महतोको संयुक्त प्रयासस्वरूप विविधताको व्यवस्थापन, शासनप्रणालीको संवैधानिक संरचना र स्वरूप, अधिकार र जिम्मेवारीको बाँडफाँड एवं सङ्घीय शासनप्रणालीमा अन्तर्क्रियाका प्रबन्ध लगायतका विषयहरू यसमा समावेश गरिएका छन् ।

राष्ट्रिय शान्ति अभियानको पहलमा विज्ञहरूका अध्ययन-अनुसन्धानबाट प्रस्तुत अवधारणामूलक सुझाव सङ्घीयकरणका मान्यता स्थिर गर्नमा तथा सङ्घ संचालनमा समेत उपयोगी हुनेछन् र संविधानसभाका समितिहरू यहाँ समेटिएका विषयगत सार-स्वरूपबाट विशेष लाभान्वित हुनेछन् भन्ने कुरामा हामी आशावादी छौं ।